# आ.व. २०७९/०८० का लागि स्थानीय तहहरुमा कर्णाली प्रदेश सरकारबाट समपूरक तथा विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमहरुका लागि प्रस्ताव आव्हान गरिएको सूचना

(प्रकाशित मिति: २०७८/१०/२४)

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०७९/०८० का लागि विनियोजन गर्ने समपूरक अनुदानमा स्थानीय तहहरुको साझेदारीमा सम्पन्न गरिने आयोजना/कार्यक्रमहरुको प्रस्ताव कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन समेत) र विशेष अनुदानका आयोजना/कार्यक्रमहरुको प्रस्ताव कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन समेत) बमोजिम २०७८ फाल्गुन मसान्त भित्र राष्ट्रिय योजना आयोगबाट तयार भई प्रदेश सरकारले सञ्चालनमा ल्याएको यस सम्बन्धी विद्युतीय (अनलाइन) प्रणाली मार्फत् आयोजना प्रस्ताव सम्बन्धी शर्त तथा अन्य आवश्यक कागजात सहित पठाउनु हुन यस प्रदेशका सबै स्थानीय तहको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। नगरपालिका र गाउँपालिकाको लागि लग-इन गर्ने विवरणहरु राष्ट्रिय योजना आयोगको विद्युतीय पोर्टल www.csgrants.gov.np मा लगइन गर्ने विवरणहरु नै भएको व्यहोरा जानकारीको लागि अनुरोध छ। राष्ट्रिय योजना आयोगबाट यस सम्बन्धी विवरण यस अगाडि नै प्रदान भएको छ। यसको लागि वेबसाइट www.karnali.csgrants.gov.np मा गई समपूरक तथा विशेष अनुदानको लागि प्रस्ताव पेश गर्ने लिङ्क खोली विवरणहरु भरी पेश गर्नु पर्नेछ।

क). समपूरक अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार गर्नु पर्ने विवरण तथा कागजातहरु

१. समपूरक अनुदानबाट सञ्चालित आयोजनाहरुको लागत कम्तीमा रु १ करोड रुपैयाँ र बढीमा रु २ करोड रुपैयाँ सम्मको बढीमा २ वर्षमा सम्पन्न हुने आयोजना हुनु पर्नेछ।
२. यस्ता आयोजनाहरुमा कर्णाली प्रदेश सरकारले ५० प्रतिशत र सम्बन्धित स्थानीय तह तथा अन्य स्रोतबाट समेत गरी बाँकी ५० प्रतिशतले हुन आउने रकम व्यहोर्नु पर्नेछ।
३. दुई वा दुई भन्दा बढी स्थानीय तहहरुबाट संयुक्त रुपमा योजना माग भई आएमा प्रदेशले थप १० प्रतिशत अर्थात ६० प्रतिशत सम्म लागत व्यहोर्ने छ।
४. यस्ता आयोजनाहरु एक वर्षे भए आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न गरी सक्नु पर्नेछ।
५. यस्ता आयोजनाहरुको कार्यान्वयन प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का प्रक्रियाद्वारा गर्नुपर्नेछ।
६. आगामी आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ।
७. आगामी आर्थिक वर्षमा सुरु भएका आयोजनाहरु सम्पन्न नभइ बाँकी रहन गएमा बाँकी कामको लागि प्रदेश सरकारले दायित्व व्यहोर्ने छैन र सो काम सम्बन्धित स्थानीय तहको आफ्नै बजेट तथा स्रोतबाट सम्पन्न गर्नुपर्नेछ।
८. समपूरक अनुदान अन्तर्गत उपलब्ध भएको बजेटबाट सञ्चालन हुने आयोजनाको सम्झौता भए पछि त्यस्तो आयोजनाको लागि विनियोजित भएको रकम बढी भएमा सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।
९. अन्य विषयहरु कर्णाली प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन समेत) बमोजिम हुनेछ।
१०. समपूरक आयोजनाको प्रस्ताव संख्या बढीमा तीन वटा पठाउनु पर्नेछ।

ख) विशेष अनुदान माग गर्दा आयोजना प्रस्तावको लागि तयार गर्नु पर्ने विवरण तथा कागजातहरु

१. विकासमा राष्ट्रिय औसतभन्दा पछि परेका स्थानीय तहको सन्तुलित विकासको लागि सञ्चालन गरिने सामाजिक विकासका कार्यक्रमहरु अथवा विपद्को कारणबाट विस्थापित व्यक्तिहरुको पुनर्स्थापनाको लागि शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवा प्रदान गर्न सञ्चालन गरिने आयोजनाहरु हुनुपर्नेछ।

२. रु २० लाख रुपैयाँ देखि रु ६० लाख रुपैयाँसम्म लागत अनुमान भएका १ वर्षमा सम्पन्न हुने आयोजना तथा कार्यक्रम हुनुपर्ने।

३. विशेष अनुदानबाट सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरु तोकिएको समयावधि भित्र अनिवार्य रुपमा सम्पन्न गर्नुपर्नेछ। तोकिएको समयावधि भित्र आयोजना तथा कार्यक्रमहरुको कार्य सम्पन्न नभएमा बाँकी कार्यको लागि अनुदान रकम उपलब्ध गराइने छैन।

४. यस्ता आयोजनाहरु आगामी आर्थिक वर्षको असार मसान्तसम्म सम्पन्न भइसकेको हुनुपर्नेछ।

५. विशेष अनुदान अन्तर्गत उपलब्ध भएको बजेटबाट सञ्चालन हुने आयोजनाको सम्झौता भए पछि त्यस्तो आयोजनाको लागि विनियोजित भएको रकम बढी भएमा सो रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

६. आगामी आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभइ बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ।

७. अन्य प्रक्रियाहरु कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन) बमोजिम हुनेछ।

८. विशेष योजनाको प्रस्ताव संख्या बढीमा ३ वटा पठाउनु पर्नेछ।

<u>समपूरक र विशेष अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव पेश गर्दा चाहिने आवश्यक कागजातहरु</u>

१. नगर/गाउँ कार्यपालिकाकाले आयोजनाको प्राथमिकीकरण गरेको पत्र।

२. नगर/गाउँ कार्यपालिकाको समपूरक र विशेष अनुदान माग गर्ने सम्बन्धमा गरेको निर्णयको प्रतिलिपी।

३. आयोजना तथा कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान ।

४. प्रत्येक आयोजनाको लागि कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ *(चौथो संशोधन समेत)* र कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ *(चौथो संशोधन समेत)* को अनुसूची १ भरिएको फारम ।

५. प्रत्येक आयोजनाको लागि संलग्न बमोजिमको शर्त घोषणा फारम समेत पेश गर्नुपर्नेछ ।

*नोटः १. समपूरक तथा विशेष अनुदान तर्फ २०७८ फाल्गुन मसान्तसम्म अनलाइन मार्फत् प्राप्त प्रस्तावहरुको लागि मात्र आवश्यक कारवाही गरी त्यसपश्चात प्राप्त हुने प्रस्तावहरु छनौटमा समावेश नगरिने हुँदा समयमा नै प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ।*

*२. मन्त्रालयको वेवसाईट www.moeap.karnali.gov.np मा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन समेत) र कर्णाली प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन समेत) उपलब्ध छन्। साथै थप जानकारीको लागि बजेट तथा कार्यक्रम महाशाखाको फोन नं. ०८३-५२१३७१ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।*

## शर्त घोषणा

१. आयोजनाको कूल लागत सीमाभित्र रहेको (विशेष अनुदान तर्फ कम्तीमा रु २० लाख र बढीमा रु ६० लाख र समपूरक अनुदान तर्फ कम्तीमा रु १ करोड र बढीमा रु २ करोडसम्म लागत अनुमान भएको)
२. आयोजना कार्यान्वयन गर्नुपर्ने आवश्यकताको पुष्टयाई भएको।
३. आयोजना कार्यक्रम कार्यान्वयनका लागि भौतिक क्षमता तथा जनशक्ति उपलब्धता रहेको।
४. प्रस्ताव पेश गर्ने स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तथा बजेटमा पर्ने सुनिश्चितता गरेको।
५. प्रदेश सरकारको प्राथमिकतामा परेको।
६. पूर्वाधार निर्माण सम्बन्धी आयोजनाको हकमा आयोजनाको विस्तृत प्रतिवेदन, ड्रइङ, डिजाइन, स्केच भएको।
७. आयोजनाको सम्भाव्यता अध्ययन भएको।
८. प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय मूल्यांकन आवश्यक पर्ने भएमा सो मूल्याङ्कन भएको।
९. आयोजनाको प्रस्ताव तयार भएको।
१०. वार्षिक लागत सहित आयोजनाको कार्यान्वयन संचालन तथा मर्मत सम्भार भएको।
११. नेपाल सरकारले कार्यान्वयन गर्ने वा प्रदेश वा स्थानीय तहले आफ्नै वा अन्य स्रोतबाट एवम् समानीकरण, सशर्त र समपूरक अनुदानबाट कार्यान्वयन गर्ने कार्यक्रम/आयोजनासँग दोहोरो नपरेको।
१२. समपूरक अनुदानको लागि आयोजना अवधि बढीमा २ वर्ष र विशेषको लागि १ वर्षभित्र सम्पन्न हुने आयोजना भएको।
१३. वातावरणमा प्रतिकूल असर नपर्ने प्रकृतिको।
१४. स्थानीय तहहरुले समपूरक र विशेष अनुदान तर्फ अधिकतम तीन/तीन वटा आयोजनाहरु प्रस्तावको रुपमा पेश गरेको र त्यस्ता आयोजनाहरुको प्राथमिकीकरण समेत निर्धारण गरेर पेश गरेको।

आयोजना कार्यक्रम प्रस्तावसँग सम्बन्धित माथिका शर्तहरु पूरा भएको व्यहोरा साँचो हो भनी घोषणा गर्दछु ।

| | |
|---|---|
| योजना शाखा प्रमुखको | प्रमुख प्रशासकीय अधिकृतको |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |

कार्यालयको छाप :